Together We Can Achieve
नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्टस्
# Nepal Association of Tour & Travel Agents
Goma Ganesh, Gairidhara, Naxal,
P. O. Box: 362, Kathmandu, Nepal
Tel: 977-1-4419409/4418661
Fax: 977-1-4418684
E-mail: natta@mail.com.np
ceo@natta.org.np
info@natta.org.np
Website: www.natta.org.np
SWC Affiliation No.: 25285

२०६०.२.२६

## प्रेस विज्ञप्ति

हालै विभिन्न संचार माध्यमहरुबाट संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपाल वायूसेवा निगममा कार्यकारी अध्यक्ष नियुक्तिको प्रस्ताव मन्त्रिपरिषद्मा लगेको प्रसारित समाचार प्रति यस संघको गम्भिर ध्यानाकर्षण भएको छ ।

नेपाल वायूसेवा निगमले लामो अन्तराल पश्चात् खुल्ला प्रतिस्पर्धाबाट उच्च पदस्थ कार्यकारीका रुपमा सक्षम र अनुभवी महाप्रबन्धक चयन गरि निगमलाई रुग्णताबाट जोगाउँदै निगमलाई सुधारका सहि मार्ग तर्फ लैजादै गरेको अवस्थामा नेपाल सरकारले पुनः कार्यकारी अधिकार सहित कार्यकारी अध्यक्षको प्रस्ताव गर्नु भनेको निगमलाई फेरि विगतका आन्तरिक र अप्रिय द्वन्द तर्फ लैजानु हो भन्ने नाट्टाको ठहर छ ।

नेपाल वायूसेवा निगममा कार्यकारी अध्यक्षको नियुक्तिले निगमलाई सशक्त बनाउनुको सट्टा निगम भित्रै अधिकारका लागि गलतफहमी र झै झगडा को वातावारणको सृजनामा मदत पुराउनु बाहेक सरकारको यस्तो अपरिपक्वपूर्ण कदमले राष्ट्रिय ध्वजाबाहकको अवस्थामा कुनै सुधार नआई निगमलाई दोहोराएर रुग्णतामा धकेल्ने काम हुने पर्यटन व्यवसायीहरुको धारणालाई यहां उल्लेख गर्न चाहन्छौं । र, साथै नेपाल सरकारलाई पर्यटन मन्त्रालयबाट लगिएको उपरोक्त प्रस्ताव अस्वीकार गरी निगमले विगतमा भोग्नु परेका अनुभवहरुको पुनराबृत्ति हुनबाट रोक्नु पर्ने जोडदार मांग राख्दछौं ।

..........................................................................................

महोदय,

कृपया उपरोक्त प्रेस सामाग्री तपाईको लोकप्रिय संचार माध्यम मार्फत प्रचार प्रसारका लागि अनुरोध गर्दछौं ।

डी.बी. लिम्बू
अध्यक्ष

NATTA 1966 Together We Can Achieve

UFTAA
TOURISM COUNCIL OF THAILAND
NATURALLY NEPAL ONCE IS NOT ENOUGH
NEPAL CHAMBER